**श्री**

**नवलपुर जिल्ला अदालत**

**ईजलास**

**माननीय जिल्ला न्यायाधीश श्री यज्ञप्रसाद आचार्य**

**फैसला**

सम्वत् २०७८ सालको मुद्दा नंः- ०७८-C१-०१५९

रजिष्ट्रेशन नंवरः ९५-०७८-०१०४३

दर्ता मितिः २०७८/१२/०३

निर्णय नं: ४३

**मुद्दा :-जवरजस्ती करणी ।**

परिवर्तित नाम २०७८ गैडाकोट ५(ख) को जाहेरीले नेपाल सरकार-------------------------**बादी**

**विरुद्ध**

जिल्ला दाङ घोराही उप-महानगरपालिका वडा नं.२ रामपुर घर भई हाल जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं.३१ शान्तिनगर बस्ने मीन बहादुर शाह र सीता मल्ल शाहको छोरा बर्ष ३२ को पल शाह भन्ने पूर्णबिक्रम शाह----------------------------------------------------**प्रतिवादी**

| **वादीको प्रमाणः** | **प्रतिवादीको प्रमाणः** |
|---|---|
| **साक्षीः** | **साक्षीः** |
| **कागजः** | **कागजः** |

**अदालतबाट बुझेको प्रमाणः**

**साक्षी** : पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५ (क), जाहेरवाला परिवर्तित नाम २०७८ गैडाकोट ५ (ख), योगेश काजी भन्ने योगेश शाह, दुर्गेश भन्ने दुर्गा बहादुर थापा, अनन्त कँडेल, अर्जुन प्रसाद तिवारी, काजिश श्रेष्ठ भन्ने छत्र बहादुर श्रेष्ठ, सागर लामिछाने, दमन न्यौपाने, सामिया जि.सि., भोजराज वस्ती, डा. सरिता जोशी, डा. दिसी शर्मा र डा. राम प्रसाद सापकोटा, सुर्य बहादुर खत्री र टेकनाथ भन्ने टंकनाथ घिमिरे

**कागज :**

**न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छः**

## तथ्यखण्ड

१) **परिवर्तित नाम २०७८ गैडाकोट ५ (ख)को जाहेरी दरखास्तः** मेरी छोरी वर्ष १६ की परिवर्तित नाम २०७८ गैडाकोट ५(क) विगत ३ बर्षदेखि गायन क्षेत्रमा ख्याती कमाई आफ्नो कला प्रस्तुत गर्दै आईरहेकी थिईन्। विगत ३ महिनादेखि छोरी एकोहोरो बस्ने गरेको देखी छोरीको सम्बन्धमा बुझ्दा नेपाली सिने जगतका प्रख्यात कलाकार पल शाह भन्ने पुर्णबिक्रम शाहसँग मिति २०७७/०६/२२ गते काठमाण्डौमा पिपलु वर गीतको भिडियो सुटिङ गर्ने क्रममा पहिलोपटक भेटघाट हुँदा फेसबुक आईडी र फोन नम्बर समेत आदान प्रदान भई निज प्रतिवादी पुर्णबिक्रम शाहले मेरो नावालिका छोरीलाई देखावटी रूपमा माया प्रेम गरेको बाहाना बनाई भिडियो सुटिङ तथा अन्य भेटघाटको क्रमलाई बढाउदै लगेका रहेछन्। प्रतिवादी पूर्णबिक्रम शाह र मेरो नावालिका छोरीले संयुक्त रुपमा पिपलु-बर, माया कती सम्झने तथा सुर्ती माड्दा माड्दै लगायतका म्युजिक भिडियोमा सँगै मोडलको काम गर्ने क्रममा पोखरा, चितवन, बाग्लुङ, तनहुँ समेतमा गई सुटीङ्ग सकेर राति होटलहरुमा बास बस्ने क्रममा पटकपटक जवरजस्ती करणी गर्न खोजेकोमा छोरीले असहमती जनाएका कारण सफल हुन सकेको रहेनछ। यस्तैमा, मिति २०७७/१२/३१ गते बाग्लुङ जिल्लाको गलकोट महोत्सवमा प्रतिवादी पुर्णबिक्रम शाहसँग मेरो छोरी एउटै गाडीमा गई फर्किने क्रममा प्रतिवादी पुर्णबिक्रम शाहले छोरीलाई बालयौन दुरुपयोग गरेका रहेछन्। मिति २०७८/०१/०२ गते छोरी काठमाण्डौ गई घरमा आई एक हप्ता बसे पश्चात प्रतिवादी पुर्णबिक्रम शाहले फोन गरी आफू सुटिङको लागी पोखरा आउँदै छु, तिमिलाई म भेट्छु भनी पोखरा स्थित लेकसाईडमा भेटघाट गरी मिति २०७८/०१/१४ गते पोखराबाट काठमाण्डौ जाने क्रममा जिल्ला तनहुँ शुक्लागण्डकी नगरपालिका न.पा वडा नं. ४ दुलेगौडास्थित प्रतिवादीको चिनजानको व्यक्ति प्रदीप थापाको घरमा बसाली प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले मेरो नावालिका छोरीलाई विबाह गर्छु, धोका दिन्न भन्ने विश्वास दिलाई छोरीलाई जवरजस्ती करणी गरेका रहेछन्। छोरीलाई माया गरेको देखाउन भोलिपल्ट ढोरबाराही मन्दिरसमेत घुमाई दुलेगौंडाको सुटिङ्ग सकेर काठमाण्डौ गएका रहेछन्। सो विषयमा प्रतिवादी उपर जिल्ला प्रहरी कार्यालय, तनहुँमा जाहेरी दरखास्त दिएकोमा कानूनी प्रकृया अगाडि बढिरहेको छ। प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले मिति २०७७/१२/७ गते जिल्ला नवलपरासी (पूर्व) गैडाकोट नगरपालिका वडा नं. ५ स्थित गैडाकोट रिसोर्टमा एकदिने सुटीङ्गको लागी लगेकोमा एक दिनमा नसकी भोलिपल्ट सुटीङ्ग गर्ने भनी मेरो नाबालिका छोरीलाई सुटीङ्ग क्यान्सील गरी पाचँ दिनसम्म उक्त रिसोर्टमा राखी नाबालिका छोरी सुतेको कोठामा गई छोरीलाई मादक पदार्थ सेवन गराई पटकपटक जबरजस्ती करणी गरेको कुरा नाबालिका छोरी समेतबाट जानकारी भएको हुँदा मेरो नाबालिका छोरीलाई बिबाह गर्छु भनी प्रेमको नाटक गरी जबरजस्ती करणी गर्ने निज प्रतिवादी पूर्णबिक्रम शाहलाई कानून बमोजिम कारबाही गरी पाउँ भन्ने समेत

व्यहोराको पीडितको बुवा परिवर्तित नाम २०७८ गैडाकोट ५(ख) को जाहेरी दरखास्त।

२) **घटनास्थल मुचुल्काः** जिल्ला नवलपरासी (पूर्व) गैडाकोट नगरपालिका वडा नं.५ स्थित पूर्वमा मदन गौतमको घर, पश्चिममा सन्तोष भुषालको घर, उत्तरमा नारायण सापकोटाको घर र दक्षिणमा रत्न सापकोटाको खाली जग्गा यति चार किल्लाभित्र चित्रध्वज जि.सी.ले संचालन गरेको गैडाकोट रिसोर्ट रहेको, उक्त रिसोर्टको दक्षिणतर्फ जस्ताले छाएको सिमेन्ट बालुवा र ईट्टाले बनेको उत्तर मोहडाको कच्ची गेष्ट हाउस रहेको, सोही गेष्ट हाउसको पूर्वतर्फको दक्षिणमा १०२ नम्बरको कोठा रहेको, सोही कोठाभित्र डबल वेडको विस्तारासहितको पलङ रहेको, उक्त पलङको दक्षिणतर्फ विस्तारासहितको सिङगल लोवेट रहेको, उक्त कोठामा टि-टेवल, कुर्ची, काठको दराज तथा टेलिभिजन समेत रहेको, सोही कोठामा रहेको डबल बेडको विस्तरामा प्रतिवादी पल शाह भन्ने पुर्णबिक्रम शाहले पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५ (क) लाई जवरजस्ती करणी गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का।

३) **पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५(क) को कागजः** मिति २०७७।१२।६ गते खेम सेन्चुरीले सिर्जना गरेको "सुर्ती माड्दै माड्दै" बोलको गीत सुटिङ्गको लागि सुटिङ्ग युनिटसँग म लगायत प्रतिवादी पल शाह भन्ने पुर्णबिक्रम शाह समेत आएका थिए । उक्त दिन हाम्रो सुटिङ्ग नभएकोले हामिहरु थारु भिलेज भन्ने स्थान गई बस्यौं।अर्को दिन ऐ. ७ गते उक्त स्थानमा केही भाग सुटिङ्ग गरी पुनः सम्पूर्ण कलाकारसहितको टिम गैडाकोट रिसोर्टमा आई बेलुकाको खाना खाई सुत्ने बेलामा सुटिङ युनिटले मलाई गैडाकोट रिसोर्टको १०२ नं. कोठा बुकिङ गरि दिएकोले म उक्त कोठामा आराम गरिरहेको थिएँ भने प्रतिवादी लगायत सुटिङ युनिटका अन्य व्यक्तीहरु बाहिर खाजा खाँदै रमाईलो गरिरहेका थिए।राति अं. ११:०० बजेको समयमा प्रतिवादी पल शाह भन्ने पुर्णबिक्रम शाहले मेरो फेसबुक म्यासेन्जरमा म्यासेज गरि "म आउछु ढोका खुल्ला राख्नु" भनेको हुँदा मैले उक्त म्यासेजको कुनै प्रतिवाद नगरी बसीरहेको अवस्थामा म सुतेको कोठा बाहिर ढोका ढक-ढक गरेको आवाज सुनी मैले ढोका खोल्दा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह रहेछन ।त्यसपछि निज प्रतिवादी मेरो कोठामा प्रवेश गरि मलाई ललाई फकाई, माया गर्छु, विवाह समेत गर्छु भनि रातभरसम्म २ पटक मेरो ईच्छा बिपरीत जवरजस्ती करणी गरेका हुन।निज प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले मलाई पहिलादेखि नै मायाको नाटक गरी यौन शोषण गर्दै आई रहेकोमा हामी बिच भएको सम्बन्धको वारेमा कोही कसैलाई नभन भनेकोले मैले कोही कसैलाई उक्त कुराको जानकारी गराएको थिएन।यसरी म नाबालिकालाई फकाई फुल्याई मायाको नाटक गरी मेरो ईच्छा विपरीत पटकपटक जवरजस्ती करणी गर्ने निज प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहलाई कानून बमोजिम कारवाही हुनुपर्छ भन्ने समेत व्यहोराको पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५ (क) को कागज।

४) **रिसोर्ट सञ्चालिका शुलोचना कुँवर जि.सी.को कागजः** मैले विगत ३ बर्षदेखि जिल्ला नवलपरासी

(पूर्व) गैडाकोट नगरपालिका वडा नं.५ स्थित गैडाकोट रिसोर्ट प्रा.ली.सञ्चालन गर्दै आईरहेको छु। मेरो रिसोर्टमा प्रायः कलाकारहरु आउने गर्दछन्।यस्तैमा मिति २०७७।१२।०६ गते "सुर्ति माड्दा माड्दै" बोलको गीत सुटीङ्गको लागि निर्देशक काजिश श्रेष्ठ, प्रतिवादी पल शाह भन्ने पुर्णबिक्रम शाह, पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५(क) समेतको सुटिङ्ग युनीट आएको थियो।उक्त दिन निजहरुले रिसोर्ट बुकिङ गरी अन्यत्र गई भोलीपल्ट ऐ.७ गते पुनः मैले सञ्चालन गरेको रिसोर्टमा आई खाना खाई बाँस बसेका हुन।रिसोर्ट बुकीङ गरेकोले प्रत्येक कोठाको चाबी निर्देशक काजिश श्रेष्ठलाई दिएकोमा प्रतिवादी पल शाह भन्ने पुर्णबिक्रम शाह र पीडित कुन कोठामा बसे मलाई थाहा भएन। मिति २०७७।१२।०७ गते प्रतिवादी पल शाह भन्ने पुर्ण बिक्रमशाहले जाहेरवालाको नाबालीका छोरीलाई रिसोर्टको कोठा नं. १०२ मा जबरजस्ती करणी गरेको भनि मैले मिति २०७८।११।१५ गते थाहा पाएको हो भन्ने समेत व्यहोराको रिसोर्ट सञ्चालिका शुलोचना कुँवर जि.सी.को घटनाविवरण कागज।

५) **गैडाकोट रिसोर्टका वेटर भोजराज वस्तीको कागजः** मैले गैडाकोट रिसोर्टमा वेटरको काम गर्दै आईरहेको छु।मिति २०७७।१२।०७ गते सुर्ती माड्दा माड्दै गीतको भिडियो सुटीङ युनिटका कलाकार प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह र निजका साथीहरु बाहिर पट्टी मादक पदार्थ तथा खाजा नास्ता खाएका हुन् भने पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५ (क) रिसोर्टको कोठामा सुत्न गएकी थिईन।निजहरु उक्त रिसोर्टमा २।३ दिन बाँस बसि गएका हुन्।मिति २०७८।११।१५ गते पीडितको बुवाले आफ्नो नाबालिका छोरीलाई प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले जवरजस्ती करणी गरेको भनि किटानी जाहेरी दिएपछि घटनाको विषयमा थाहा पाएको हो भन्ने समेत व्यहोराको भोजराज वस्तीको कागज।

६) **गैडाकोट रिसोर्ट प्रा.लि.को ईन्ट्रिबुकको प्रतिलिपिः** मिति २०७७।१२।७ र ८ गते गैडाकोट रिसोर्टको कोठा नम्बर १०१, १०२, १०७,१०८,१०९ र ११० मा प्रतिवादी पूर्णबिक्रम शाह तथा पीडित गैडाकोट ५ (क) समेतको सुटिङ्ग युनीट बसेको भन्ने समेत व्यहोराको गैडाकोट रिसोर्टको ईन्ट्रिबुक रजिष्टरको प्रतिलिपि।

७) **क्यामेरा म्यान अर्जुनप्रसाद तिवारी समेतको कागजः** मिति २०७७।१२।०७ गते हामीहरु गैडाकोट नगरपालीका वडा नं. ५ स्थित गैडाकोट रिसोर्टमा थियौं।प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह र पीडितलाई हामीहरुले राम्रोसँग चिन्दछौं।यसैक्रममा खेम सेञ्चुरी र पीडित परिवर्तित २०७८ गैडाकोट ५ (क) को स्वर, नेत्र अर्यालको शब्द र काजिश श्रेष्ठले निर्देशन गरेको सुर्ती माड्दा माड्दै गीतको म्युजिक भिडियो सुटीङको लागि २०७७ साल चैत्र महिनाको पहिलो हप्ता गैडाकोट आएका थियौं।ऐ.७ गते सौराहमा सुटीङ सकेपछि हामिहरु सुत्नको लागि गैडाकोट रिसोर्टमा आएको हो।निर्देशक काजिश श्रेष्ठले कोठाहरु बुकीङ गरेका थिए।१०२ नम्बरको कोठा पीडितलाई बुकीङ गरीएको थियो।काजिश श्रेष्ठ र प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह समेतले सुटीङको बिषयमा कुराकानी गर्दै मादक पदार्थ सेवन गरेका

थिए। त्यसपछि १०१ नम्बरको कोठामा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह सुत्न गएका थिए। ३ दिनसम्म सुटीङ युनिट सोही गैडाकोट रिसोर्टमा बसी ऐ.१० गते काठमाण्डौ फर्किएको हो। मिति २०७७।१२।०७ गते प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले पीडित परिवर्तित नाम गैडाकोट ५ (क) लाई सोही गैडाकोट रिसोर्टमा जवरजस्ती करणी गरेको भन्ने सामाजिक सञ्जाल समेतबाट सुनी थाहा पाएको हो भन्ने समेत व्यहोराको क्यामरा म्यान अर्जुनप्रसाद तिवारी र निर्देशक काजिश भन्ने छत्र बहादुर श्रेष्ठ समेतको घटना विवरण कागज।

८) **पीडितको शारीरिक परीक्षण प्रतिवेदनः** पीडित परिवर्तित नाम गैडाकोट ५ (क) को Hymen: Healed scratch with Hymenal injury at 7 & 5 O'clock position भन्ने समेत व्यहोराको निजको शारीरिक परीक्षण प्रतिवेदन ।

९) **दुर्गेश थापा भन्ने दुर्गाबहादुर थापाको कागजः** म बिगत १०/१२ बर्षदेखि म्युजिक भिडियो समेतमा काम गर्दै आईरहेको छु । कामको शिलशिलामा प्रतिवादी पल शाह भन्ने पुर्णबिक्रम शाह र पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५(क) सँग चिनजान भएको थियो। म प्राय म्युजिक भिडियो सुटिङको लागि हिंडिरहने भएकोले म काठमाण्डौवाट मिति २०७७।१२।०७ गते चितवन जिल्लाको सौराहा भन्ने स्थानमा आई प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह तथा पीडितसँग भेट भई "तामा पित्तल" गीतको भिडियो सुटिङ सकेर हामि लगायत पीडित समेतको सुटिङ्ग युनीट बेलुका गैडाकोट रिसोर्टमा आई दिनभरी सुटिङको कामले थाकेको हुँदा म कोठामा गई सुतेको हो । पीडित आफुलाई बुकिङ गरेको कोठामा सुत्न गएकी हुन्। काजीश श्रेष्ठ, पल शाह भन्ने पूर्ण बिक्रम शाह समेतका व्यक्तिहरु मादक पदार्थ सेवन गरि बाहिर बसिरहेका थिए निजहरु कुन कोठामा सुते मलाई थाहा भएन। अर्को दिन ऐ. ८ गते बिहान म काम विशेषले काठमाण्डौ गएको हो। २०७८ सालको आषाढ महिनामा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहको म्यानेजर कृष्ण जोशीले प्रतिवादी र पीडितको सम्बन्धको वारेमा जानकारी गराएकोमा सो सम्बन्धमा पीडितसँग बुझ्दा "मलाई प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले विवाह गर्छु भनी फकाई फुल्याई सुटिङको समयमा अन्यत्र गएको अवस्थामा समेत जवरजस्ती करणी गरेको भनि बताएकी" हुँदा म सम्राट चौलागाई, सरोज ओली, योगेश काजी समेतले हामी न्यायको पक्षमा छौं। तिमीलाई निजले जवरजस्ती करणी गरेको भए कानूनी कारवाही गर्दा राम्रो हुन्छ भनि सल्लाह दिएको मात्र हो। अन्य आर्थिक कुराको बार्गेनिङको बारेमा मलाई केही जानकारी भएन भन्ने समेत व्यहोराको बुझिएका दुर्गेश भन्ने दुर्गा बहादुर थापाको कागज ।

१०) **सम्राट चौलागाँईको कागजः** मिति २०७७।१२।०६ गते मेरो "तामा पित्तल" गीतको भिडियो सुटिङ्गको लागि चितवन जिल्लाको सौराहा भन्ने स्थानमा आई प्रतिवादी पल शाह भन्ने पुर्णबिक्रम शाह र पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५(क) सँग भेट भई म्युजिक भिडीयोको काम सकिएपछि म सौराहाबाट सिधै काठमाण्डौ फर्किएको हो । प्रतिवादी पल

शाह भन्ने पुर्णबिक्रम शाहले पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५(क) लाई विवाह गर्छु भनी विभिन्न प्रलोभनमा पारी सुटिङ्गको लागि अन्यत्र लगि पटकपटक र मिति २०७७।१२।०७ गते समेत गैडाकोट रिसोर्टमा रातिको समयमा जवरजस्ती करणी गरेकोले मलाई सहयोग गर्नु भनी पीडितले बताएको हुँदा म समेतले सम्बन्धीत निकायमा उजुरी गर्नु भनी सल्लाह मात्र दिएको हो भन्ने समेत व्यहोराको सम्राट चौलागाँईको कागज।

११) **भीमबहादुर विष्टको कागजः** मैले विगत ४ बर्षदेखि गायन, रचनाकार र संगीतकारको रुपमा काम गर्नेक्रममा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह र पिडित परिवर्तित नाम २०७८ गैडाकोट ५(क) सँग चिनजान भएको थियो।यस्तैमा २०७७ चैत्र महिनाको पहिलो हप्ता काजिश श्रेष्ठले निर्देशन गरेको छड्के सलाम गीतको म्युजिक भिडियो सुटिङको लागि म गैडाकोट आएको थिएँ।मिति २०७७।१२।०७ गते गैडाकोट नगरपालिका वडा नं. ५ स्थितमा रहेको गैडाकोट रिसोर्टमा सुर्ती माड्दा माड्दै र छड्के सलाम गीतको सुटिङ युनिट सोही रिसोर्टमा राती बाँस बसेको हो।उक्त समयमा प्रतिवादी र पीडित पनिसँगै थिए।निजहरु समेत सोही रिसोर्टमा बसेका हुन्।उक्त स्थानमा ३ दिन सुटिङको काम सकी काठमाण्डौ फर्किएको हो।प्रतिवादीले जाहेरवालाको नाबालिका छोरीलाई विवाह गर्छु भनि फकाई फुल्याई म्युजिक भिडियो सुटिङको लागि बिभिन्न ठाउमा लगि जवरजस्ती करणी गरेको र मिति २०७७।१२।०७ गते समेत गैडाकोट रिसोर्टमा जवरजस्ती करणी गरेको भन्ने जाहेरी दरखास्त तथा सामाजिक सञ्जाल समेतबाट थाहा पाएको हो भन्ने समेत व्यहोराको भीमबहादुर विष्टको कागज।

१२) **योगेश काजी भन्ने योगेश वि.क.को कागजः** मैले विगत १७ बर्षदेखि साउण्ड डिजाईनर, गायक र संगितकारको रुपमा काम गर्दै जाँदा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह र पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५ (क) लाई चिनेको हो । प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले जाहेरवालाको नाबालिका छोरी पिडितलाई विवाह गर्छु भनि फकाई फुल्याई म्युजिक भिडियो सुटिङको लागि बभिन्नि ठाँउमा गएको अवस्थामा जवरजस्ती करणी गरेको र मिति २०७७।१२।०७ गते समेत गैडाकोट रिसोर्टमा जवरजस्ती करणी गरेकोले निज उपर प्रहरी कार्यालयमा जाहेरी दरखास्त परेको भन्ने सामाजिक संजाल तथा टेलिभिजन समेतवाट सुनी थाहा पाएको हो भन्ने समेत व्यहोराको योगेश काजी भन्ने योगेश वि.क.को कागज।

१३) **जाहेरवाला परिवर्तित नाम २०७८ गैडाकोट ५(ख) को कागजः** म ९ बर्ष विदेशमा बसी घरमा आई सानो कृषि पेशा गरी श्रीमती तथा छोरा छोरीहरुसँग बस्दै आईरहेको छु ।मेरो छोरी वर्ष १६ की परिवर्तित नाम २०७८ गैडाकोट ५ (क) विगत ३ बर्षदेखि गायन क्षेत्रमा ख्याती कमाई सामाजिक सञ्जालहरुमा समेत चर्चित भई विभिन्न राष्ट्रिय कलाकारहरुसँग भेटघाट भई आफ्नो कला प्रस्तुत गर्दै आइरहेकी थिइन्।बिगत ३ महिनादेखि छोरी गीत-संगीतमा मन नलगाउने, एकोहोरो बस्ने गरेको देखि सोधपुछ गर्दा "नेपाली सिने जगतका प्रख्यात कलाकार

पल  शाह भन्ने पुर्णबिक्रम शाहले मेरो नाबालिका छोरीलाई बिभिन्न ठाँउहरुमा म्युजिक भिडियोको सुटिङको क्रममा जाँदाको अवस्थामा देखावटी रूपमा माया प्रेम गरेको बाहाना गरि तिमीलाई विवाह गर्छु भन्ने आश्वासन दिई पटकपटक जवरजस्ती करणी गरेको र मिति २०७७।१२।०७ गते समेत सुर्ती माड्दा माड्दै गीतको म्युजिक भिडियो सुटिङको शिलसिलामा गैडाकोट रिसोर्टमा रातीको समयमा जवरजस्ती करणी गरेको" भनि पिडित छोरी परिव्रतित नाम २०७८ गैडाकोट ५ (क) ले मलाई बताएको हुँदा मैले जाहेरी दरखास्त दिएको हो। यसरी सुटिङ हुँदाको बखत नाबालिका छोरीको हेरविचार गरेको बहाना गरी माया प्रेमको नाटक गरी मेरो नाबालिका छोरीलाई जबरजस्ती करणी गर्ने प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहलाई कानून बमोजिम कारवाही हुनुपर्छ भन्ने समेत व्यहोराको जाहेवाला परिवर्तित नाम २०७८ गैडाकोट ५ (ख) को घटनाविवरण कागज।

१४) **प्र.नि.लक्ष्मी पाण्डे खनालको प्रतिवेदनः** परिवर्तित नाम २०७८ गैडाकोट ५ (ख) को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह भएको जवरजस्ती करणी मुद्दामा अनुसन्धानको क्रममा प्राप्त हुन आएको प्रतिवादीले व्यक्त गरेको २ मिनेट ३५ सेकेन्डको अडियो रेकर्ड यसै प्रतिवेदनसाथ पेश गरेको छु । कानून बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको प्र.नि.लक्ष्मी पाण्डे खनालको प्रतिवेदन ।

१५) **अडियो रेकर्डको केही अंशः ........**यसमा चाही के छ भनेसी यो यति ठूलो डिसिजन लिनु पर्छ नै भन्ने छैन किनभने उ प्रेगेनेन्ट भाको भए .......मेले गर्दा प्रेगेनेन्ट भएको भए .....समस्या भएको भए वा बच्चा भएको भए कुरा गर्न मिल्थ्यो..........बिहे गर्ने, स्वीकार्ने की नस्वीकार्ने अब गर्लफ्रेन्ड ब्वाईफ्रेन्डमा अरुको बाहिर हेर्नुस......अब अहिले यहि छ.......कान्छि गर्लफ्रेन्ड ब्वाईफ्रेन्डमा अण्डरस्टयाण्डिङमा भयो होला ..........हामि सँगै हुँदा केही भयो होला तर यति कुरामा एकदम राम्रो सेफ तरीकाले यति अण्डरस्टयाण्डिङ हिसाबमा हुँदा पनि लास्टमा स्वीकार्नै पर्छ? विबाह गर्नै पर्छ ? ... भन्ने समेत व्यहोराको प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले बोलेको २ मिनेट ३५ सेकेण्डको अडियो रेकर्ड ।

१६) **प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहको बयानः** म विगत १० बर्षदेखि कलाकारिता क्षेत्रमा प्रवेश गरि मोडल तथा नायकको भुमिकामा काम गर्दै आईरहेको छु । यसै क्रममा २०७७ साल चैत्र महिनाको पहिलो हप्ता काजिश श्रेष्ठ, शान थापा, शिब बि.क.ले निर्देशन गरेको सुर्ती माड्दै माड्दै, चरीले, तामा पित्तल, छड्के सलाम भन्ने गीतको म्युजिक भिडियो सुटिङको लागि सम्झौता भएकोले मिति २०७७।१२।४ गते काठमाण्डौवाट नवलपरासीको कावासोतीस्थित आई लोकेशन हेरी बसेको हो। अर्को दिन ऐ.५ गते "चरीले" भन्ने गीतको म्युजिक भिडियोको सुटिङ गरिसके पश्चात पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५ (क) सुर्ती माड्दा माड्दै गीतको म्युजिक भिडियो सुटिङको लागि आई थारु कल्चर भन्ने ठाँउमा अरु केटी मोडलसँग वास वसेकी थिईन। अर्को दिन ऐ. ६ गते "सुर्ती माड्दै माड्दै" गीतको गायिका तथा नायिका

पीडितसँग मैले सुटिङ गर्दै जाँदा नभ्याईएकोले सुटिङ युनिट सबैजना चितवन जिल्लाको सौराहा भन्ने ठाँउमा गई बसेको हो । ऐ.७ गते बिहान सौराहामा "तामा पित्तल" भन्ने गीतको म्युजिक भिडियो सुटिङ गरी बेलुका खाना खाई राती अं.१२.१५ बजे सुटिङ्गको टिम मध्ये क्यामराम्यान,निर्देशक,म र पीडित गैडाकोट रिसोर्टमा आईसकेपछी म समेतले रक्सी सेवन गरेको हो।उक्त समयमा पीडित कोठामा सुतेकी थिईन्।पछी सुटीङ्ग युनिट आईपुगे पछी हामी आ-आफ्नो कोठामा सुत्न गएका हौं ।अर्को दिन ऐ.८ गते छड्के सलाम गीतको सुटीङ्गको लागी सुटीङ्ग स्थल जानेक्रममा होटलका साहूले पीडित राती मेरो छोरीसँग सुतेको भनी बताएका थिए। त्यसपछी हामी नारायणी पुलमा गई सुटीङ्ग गरेका हौं। सोही दिन अं.रातको १०:३० बजेको समयमा सुटीङ्ग युनिटसहित गैडाकोट रिसोर्टमा आई बसेको हो। म उक्त रिसोर्टको कोठा नं.१०१ मा बसेको थिए भने पीडित कोठा नं.१०२ मा बसेकी थिईन। म र पीडित सुत्ने कोठा सँगसँगै भएको कारणले म रातको अं.११:३० बजे पीडितको कोठामा जाँदा हिजो निजलाई एक्लै सुत्दा डर लागेको र होटल सञ्चालकको छोरीसँग सुतेको कुरा मैले थाहा पाएकोले "तिमिलाई हिजोको जस्तो डर त लागेको छैननी, ल राम्रोसँग सुत" भनी म आफ्नो कोठामा गई सुतेको हो। अर्को दिन ९ गते विहान उक्त रिसोर्टमा सुर्ति माड्दा माड्दै गीतको केही अंश सुटिङ्ग गरि नारायणी पुल नदी किनारामा छड्के सलाम गीतको भिडियो अञ्जली अधिकारी, सुधीर श्रेष्ठ र म समेतका कलाकारले सुटीङ्ग सकेर काठमाण्डौ फर्किएको हो।काठमाण्डौ फर्कीएपछि म र पीडितले भिडियो प्रोमोशनको लागी अन्तर्वार्ता दिने गरेका थियौं।हामीहरु बीच राम्रै म्यासेजहरु आदान प्रदान भईरहेको थियो।२०७८ सालको बैशाख महिनामा तनहुँमा म्युजिक भीडियोहरुको सुटिङ्ग सकेपछि त्यसको करीब एक/दुई महिनापछि पीडितले मलाई फोन गरि "तपाईको र मेरो बारेमा बाहिर स्टुडियोहरुमा कुरा काटीरहेका छन" भनेकी थिईन्।त्यसपछि हामी बीचमा विवाद सिर्जना हुँदै जाँदा गजब टि.भि.का संचालक सरोज वली, दुर्गेश भन्ने दुर्गाबहादुर थापा, योगेश काजीसँग यो विवादको विषयमा सल्लाह लिएको हो।सोही विवादको विषयमा २०७८ साल असार महिनामा मध्यवानेश्वरस्थित होटलमा निजहरु तथा म र पीडित समेत बसी छलफल गर्दा आजै पीडितसँग विवाह गर्ने भनी जोड गरेको हुँदा तीन बर्षसम्म हामिसँगै मिली काम गर्ने र पीडित २० बर्ष पुगेपछी विवाह गर्ने भनी हामी बीच मौखिक सहमती भएकाले पुनः पीडितले "मलाई तपाईको ग्रलफ्रेन्ड वा श्रीमतीको रुपमा चिनाउनु पर्यो" भनी बारम्बार म्यासेज गर्न थालेपछी मैले तिमी आफ्नो तरीकाले गर भनी वादविवाद भएको केही समय पछी निज पीडितको तर्फबाट जिल्ला प्रहरी कार्यालय तनहुँमा म उपर उजुरी परेको हुँदा म मिति २०७८/११/१५ गते प्रहरी कार्यालयमा उपस्थित भएकोमा ईलाका प्रहरी कार्यालय गैडाकोटमा समेत म विरुद्ध उजुरी परेकोले मलाई मिति २०७८/११/२३ गते उक्त कार्यालयमा ल्याईएको हो । मिति २०७७ चैत्र ७ गते राती रिसोर्टमा मैले मादक पदार्थ सेवन गरेको हुँ ।मैले पीडितलाई मादक पदार्थ

सेवन गराई जबरजस्ती करणी गरेको भन्ने व्यहोरा झुठ्ठा हो।पीडित तथा जाहेरवालाले म उपर किन जाहेरी दिए मलाई थाहा भएन।म र पीडित बीच प्रेम सम्बन्ध थिएन।बाहिर आएको अडियो क्लिप मिति २०७८ साल असार महिनामा हामी बीच भएको छलफलको अडियो क्लिप हो।उक्त अडियोमा भएको आवाज मेरो हो।सोमा भएको कुनै आवाज मेरो नभएको जस्तो लाग्छ।उक्त अडीयो क्लिपमा भएको शब्द मैले प्रतिवाद गर्दा उच्चारण भएको हो। मलाई पीडितले स्वीकार गर्नुपर्छ भनेको हुँदा मैले केही ठोस प्रमाण भएमा देखाउनुहोस भन्दै अरु प्रेमी-प्रेमीकाको उदाहरणसहित स्पष्ट पारेको हो।निजलाई मैले जबरजस्ती करणी गरेको होईन।सुटीङ्ग सकिए पछी सबै आ-आफ्नो कोठामा जाने क्रममा मेरो र पीडित सुत्ने कोठा सँगसँगै भएको कारणले तिमीलाई हिजोको जस्तो डर त लागेको छैननी ल राम्रोसँग सुत भनी म आफ्नो कोठामा गई सुतेको हो भन्ने समेत व्यहोराको प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहको वयान ।

१७)**सरोज भन्ने पुण्यप्रसाद ओलीको कागजः** प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह र पीडित नाम परिवर्तित २०७८ गैडाकोट ५ (क) मेरो कम्पनीले उत्पादन गरेको म्युजिक भिडियो तथा गीतहरुमा अभिनय तथा स्वर दिएका छन् । यसै क्रममा प्रतिवादी तथा पीडितको सम्बन्धको बिषयमा मिडियाहरुमा हल्ला चलेको थियो । पीडित गायिका डिप्रेशनमा गएको र मर्छु भनी कृष्ण जोशीले मलाई २०७८ सालको आषाढमा बताएका थिए।केही दिनमा कृष्ण जोशी, सम्राट चौलागाई, र पिडित अनामनगरको सिलौटो रेष्टुरेण्टमा बसेका रहेछन्।उक्त स्थानबाट कृष्ण जोशीले मलाई फोन गरी हामीहरु पिडितसँगै छौं।दुर्गेश थापालाई लिएर हामी भएको ठाउमा आउनु, पिडितलाई समस्या परेको रहेछ भनी बोलाएकोले म र दुर्गेश थापा सोही स्थानमा गई निजहरुलाई भेटी कुराकानी हुदाँ प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले पीडितलाई काठमाण्डौमा १/२ दिनमा हुने सुटिङलाई काठमाण्डौ बाहिर कहिले पोखरा कहिले नवलपरासी (पूर्व) मा लगि हेरचाह र ख्याल गरे जस्तो गरी आफूँमाथि यौन शोषण गरेको भनी पीडितले बताएकी थिईन्।प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले पीडितलाई वास्ता नगरेपछि पीडित रुँदै हिँडेको र पिडितलाई बिभिन्न वहाना बनाई गाली गरेर वेईज्जत गर्दिन्छु भनी ह्यारेशमेन्ट समेत गर्दा रहेछन्।पछि पीडितले सहन नसकी आफ्ना साथीहरुलाई उक्त पीडा सुनाएकी रहेछिन ।त्यसपछि हामिहरुले कानुनी कारवाही गर्दा राम्रो हुन्छ भनी सल्लाह दिएको हो भन्ने व्यहोराको सरोज भन्ने पुण्यप्रसाद ओलीको कागज।

१८)**बुझिएका अनन्त कँडेल समेतको वस्तुस्थिति मुचुल्काः** मिति २०७७।१२।०७ गते अं. २३;०० बजेको समयमा जिल्ला नवलपरासी (पूर्व) गैडाकोट नगरपालिका वडा नं. ५ स्थित गैडाकोट रिसोर्ट प्रा.लि.को कोठा नं १०२ मा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले पीडित नाम परिवर्तित २०७८ गैडाकोट ५ (ख) लाई म्युजिक भिडियो सुटिङमा आएको अवस्थामा ललाई फकाई बिवाह समेत गर्छु भनी जवरजस्ती करणी गरेकोले पिडितको बुबा

परिवर्तित नाम २०७८ गैडाकोट ५ (ख) ले प्रहरी कर्यालयमा जाहेरी दरखास्त दिए पश्चात सामाजिक संजाल समेतबाट उक्त कुरा थाहा पाएको हो । यसरी जाहेरवालाको नाबालिका छोरीलाई फकाई फुल्याई जबरजस्ती करणी गर्ने निज प्रतिवादी पूर्णबिक्रम शाहलाई कानून बमोजिम कारवाही हुनुपर्छ भन्ने समेत व्यहोराको बुझिएका अनन्त कडेल समेतको बस्तुस्थिति मुचुल्का।

१९) **सामिया जि.सी.को कागजः** म गैडाकोट रिसोर्ट सञ्चालिका शुलोचना कुवँर जि.सी.को छोरी हो।म अहिले १२ बर्षको भएँ । मिति २०७७।१२।०७ गते गीत सुटिङ्गको लागि प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह तथा पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५ (क) सहितको सुटिङ्ग युनीट हामिहरुको गैडाकोट रिसोर्टमा आएकोमा सोही राति अं.१२:०० बजे पीडित म सुतेको कोठामा आई सुतेकोमा कति बेला उठेर गईन थाहा भएन । उक्त समयमा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने सामाजिक सञ्जाल समेतबाट सुनि थाहा पाएको हो भन्ने समेत व्यहोराको बुझिएकी सामिया जि.सी.को घटना विवरण कागज ।

२०) **तनहुँ जिल्ला अदालतको पत्रः** प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह भएको जबरजस्ती करणी मुद्दामा पक्राउ परी जिल्ला प्रहरी कार्यालय,तनहुँको हिरासतमा रहेका निज प्रतिवादी उपर परिवर्तित नाम गैडाकोट ५(ख) को तर्फबाट समेत जबरजस्ती करणी मुद्दामा ईलाका प्रहरी कार्यालय,गैडाकोटमा जाहेरी परी जिल्ला सरकारी वकील कार्यालय, तनहुँबाट निज प्रतिवादीलाई अनुसन्धानको लागी ईलाका प्रहरी कार्यालय, गैडाकोटमा पठाउन अनुमती पाउँ भनी पत्र प्राप्त हुन आएको देखिएको र निज प्रतिवादी उपर यस अदालतबाट म्याद थप भएको हुँदा सो म्याद भित्र उक्त कार्यालयको अनुसन्धान कार्य सम्पन्न गरी जिल्ला प्रहरी कार्यालय तनहुँमा फिर्ता पठाउने गरी निज प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहलाई उल्लेखित मुद्दामा अनुसन्धानको लागि ईलाका प्रहरी कार्यालय, गैडाकोट, नवलपरासी (पूर्व) मा पठाईदिने अनुमति प्रदान गरिएको भन्ने समेत व्यहोराको तनहुँ जिल्ला अदालतको पत्र।

२१) **पीडितको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपिः** पीडित परिवर्तित नाम गैडाकोट ५(क) को जन्म मिति २०६२।०४।०३ मा भई वारदात मितिमा निजको उमेर १५ वर्ष ८ महिना ४ दिनको नाबालिका रहेको भन्ने समेत व्यहोराको निज पीडितको जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि।

२२) **अभियोगपत्रः** मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, पीडितको कागज, होटल सञ्चालिका शुलोचना कुवँर समेतको कागज, ईन्ट्रि बुकको प्रतिलिपि, अर्जुनप्रसाद तिवारी समेतको कागज, पीडितको शारीरिक परीक्षण प्रतिवेदन, दुर्गेश भन्ने दुर्गाबहादुर थापा समेतको कागज, अडियो रेकर्ड, प्रतिवादीको वयान, सरोज भन्ने पुण्यप्रसाद ओलीको कागज, पीडितको जन्मदर्ता तथा बुझिएका अन्नत कंडेल समेतले खुलाई लेखाई दिएको कागज समेतका आधार प्रमाणहरुबाट प्रतिवादी पल शाह भन्ने पुर्णबिक्रम शाहले भिडियो सुटिङ्गको क्रममा चिनजान

भएकी १५ बर्ष ८ महिना ४ दिनकी पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५(क) लाई विवाह गर्छु भनी फकाई फुल्याई गीतको सुटिङ्ग गर्न जिल्ला नवलपरासी (पूर्व) गैडाकोट नगरपालिका वडा नं.५ स्थित आएको अवस्थामा मिति २०७७।१२।७,८ र ९ गते गैडाकोट रिसोर्टको कोठा नम्बर १०२ मा राखि पीडितको ईच्छा विपरीत पटकपटक जवरजस्ती करणी गरेको वारदात स्थापित हुन आएकोले प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) बमोजिमको कसूरमा सोही संहिताको दफा २१९ को उपदफा (३) को देहाय (ग) बमोजिम सजाय हुन तथा सोही संहिताको दफा २१९ को उपदफा (३क) को देहाय (ख) बमोजिम प्रतिवादीलाई जरीवाना हुन तथा प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहबाट पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५ (क) लाई मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ बमोजिम मनासिब क्षतिपूर्ति दिलाई भराई पाउँन साथै प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहबाट अपराध पीडित सरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिमको रकम सोही ऐनको दफा ४१ (५) बमोजिम पीडित राहतकोषमा जम्मा गरी पाउने व्यवस्था हुन समेत सादर अनुरोध छ भन्ने समेत व्यहोराको अभियोग पत्र।

२३) **प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले अदालतसमक्ष गरेको बयानः** जाहेरी दरखास्तको व्यहोरा झुठ्ठा हो ।मैले कसैलाई जबरजस्ती करणी गरेको छैन।म विगत १० बर्षदेखि कलाकारिता क्षेत्रमा प्रवेश गरी मोडल तथा नायकको भुमिकामा काम गर्दै आईरहेको छु।यसै क्रममा म लगायत हाम्रो सुटिङ युनिट अन्दाजी हामी ३०/३५ जना भई मिति २०७७।१२।४ गते काठमाण्डौवाट नवलपरासी(पूर्व)को कावासोती भन्ने स्थानमा आई म्युजिक भिडियो सुटिङका लागि लोकेशन हेरी अर्को दिन ऐ. ५ गते "चरीले" भन्ने गीतको म्युजिक भिडियोको सुटिङ गरिसके पश्चात पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५(क) सुर्ती माड्दा माड्दै गीतको म्युजिक भिडियो सुटिङको लागि आई थारु कल्चर भन्ने ठाँउमा पीडित अर्को कोठामा अरु केटी/ मोडलसँग बास बसेकी थिईन।अर्को दिन ऐ. ६ गते "सुर्ती माड्दै माड्दै" गीतको गायिका तथा नायिका पीडितसँग मैले सुटिङ गर्दै जाँदा नभ्याईएकोले सुटिङ युनिट सबैजना चितवन जिल्लाको सौराहा भन्ने ठाँउमा गई बसेको हो । ऐ.७ गते बिहान सौराहामा "तामा पित्तल" भन्ने गीतको म्युजिक भिडियो सुटिङ गरी बेलुका खाना खाई राती अं.१२:१५ बजे सुटिङ्गको टिम मध्ये क्यामराम्यान, निर्देशक, म रिसोर्टमा आईसकेपछी सबै जनाले ड्रिक्सको लागि कर गरेको हुँदा मैले एक प्याक रक्सी सेवन गरेको हुँ, हामीहरुले मादक पदार्थ सेवन गर्ने समयमा निज पीडित त्यहाँ उपस्थित थिइनन् ।मैले पीडित सुतेको कोठामा गई पीडितलाई मादक पदार्थ सेवन गराई पटकपटक जबरजस्ती करणी गरेको भन्ने कुरा झुठ्ठा हो। सो समयमा पीडित आफ्नो कोठामा गई सुतेकी थिईन् । पछी सुटीङ्ग युनिट आईपुगेपछी हामी आ-आफ्नो कोठामा सुत्न गएका हौं।अर्को दिन ऐ.८ गते छड्के सलाम

गीतको सुटीङ्गको लागी सुटीङ्ग स्थल जाने क्रममा होटलका साहूले पीडित राती मेरो छोरीसँग सुतेको भनी बताए पश्चात मैले थाहा पाएको हुँ । त्यसपछी हामी नारायणी पुलमा गई सुटीङ्ग गरेका हौं। सोही दिन अं.रातको १०.३० बजेको समयमा सुटीङ्ग युनिटसहित गैडाकोट रिसोर्टमा आई बसेका हौं। म उक्त रिसोटको कुन कोठामा बसैं मलाई कोठा नं. थाहा भएन भने पीडित बसेको कोठा नं. समेत मलाई थाहा छैन। त्यसपछि सबै युनिटलाई गुड नाईट भनेर हामी आ-आफ्नो कोठामा गई सुतेका हौं । म पनि सुटिङमा धेरै नै थाकेको हुँदा आफ्नो कोठामा गई सुतेको हुँ ।उक्त रातको समयमा म पीडितको कोठामा गएको छैन। पीडितलाई "तिमीलाई हिजोको जस्तो डर त लागेको छैननी, ल राम्रोसँग सुत" भनी मैले भनेको पनि होइन।मैले फेसबुक म्यासेन्जरमा म्यासेज गरी "म आउछु ढोका खुल्ला राखू" भनेर म्यासेज गरेको पनि छैन। पीडितको कोठामा गएकै छैन। "मेरो कोठामा प्रवेश गरी प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले मलाई फकाई, माया गर्छु, विवाह समेत गर्छु भनी रात भर २ पटक सम्म मेरो ईच्छा बिपरीत जवरजस्ती करणी गरेका हुन्" भनी पीडितले भनेको कुरा झुठ्ठा हो।मैले कसैलाई यौन शोषण गरेको छैन।म निर्दोष छु।बाग्लुङ, तनहुँ तथा नवलपरासी(व.सु.पु.) जिल्लाका विभिन्न स्थानहरुमा गरिएका म्युजिक भिडियोको सुटिङका क्रममा मैले पीडितको फेसबुकमा म्यासेज गर्ने, पीडितलाई कुनै यौन प्रस्ताव राख्ने, पीडितलाई फकाई फुल्याई विवाह गर्छु, माया गर्छु भनी जबरजस्ती करणी गरेको छैन ।कहिले काँही सामान्य हाई हेलो गरी म्यासेज गरिएको हुन सक्छ तर निज पीडितलाई मैले कहिँलै गलत नजरले हेरेको छैन। सुटिङको क्रममा हामी बिच सामान्य भेटघाट मात्र हो । उक्त अडियो क्लिपमा भएको कतिपय स्वर मेरो हो र कतिपय स्वर होइन भन्ने समेत व्यहोराको प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले अदालतसमक्ष गरेको बयान।

२४) **थुनछेक आदेशः** पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को उपदफा (१) को खण्ड (ख) बमोजिम थुनामा राखी पुर्पक्ष गर्ने गरी रीतपूर्वकको थुनुवा पूर्जी दिई यस भन्दा पुर्व यिनै प्रतिवादी उपर तनहुँ जिल्ला अदालतमा दायर भएको जवरजस्ती करणी (०७८-c१-०१३५)को मुद्दाको थुनछेकको रोहमा प्रतिवादी कारागार कार्यालय, दमौली, तनहुँमा थुनामा रहेको देखिँदा सोही कारागारमा पठाउनू भन्ने समेत व्यहोराको मिति २०७८/१२/२३ को थुनछेक आदेश।

२५) **पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५ (क)ले अदालतमा गरेको बकपत्रः** मौकाको मैले गरेको कागजको व्यहोरा झुठ्ठा हो। म प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहको फ्यान हुँ। हामी बिच कुनै नराम्रो सम्बन्ध छैन। वारदात भनिएको दिन म सुटिङ सकेर आउँदा रातको १०:००/११:०० बजेको थियो। म गैडाकोट रिसोर्टको कोठामा आई रिसोर्टका मालिकको छोरी सामिया जि.सी.सँगै सुतेकी थिएँ। म सुतेपछि सुतिरहेको कोठामा यी प्रतिवादी पल शाह

भन्ने पूर्ण बिक्रम शाह प्रवेश गरेका थिएनन्। निजले मलाई करणी नै गरेका होइनन्। करणी नै नगरेपछि जवरजस्ती करणी गरेको भन्ने कुरै भएन। मिडियामा नराम्रो प्रकारको नकरात्मक समाचारहरु आएको सुनी मेरो बुवाले उक्त कुरा सहन नसकी प्रस्तुत जाहेरी दिनु भएको हो। मेरो शारीरिक स्वास्थ्य परीक्षण प्रतिवेदनको सम्बन्धमा मलाई थाहा भएन। प्रतिवादीसँग हाई हेल्लो म्यासेज आदान प्रदान सम्म हुन्थ्यो। सुटिङको क्रममा भेटघाट हुन्थ्यो।प्रमाणको रुपमा पेश भएको अडियो क्लिप रिहर्सलको मात्र हो। उक्त आवाज हामीहरुको नै हो। निज मेरो अभिभावक जस्तो व्यक्ति हुन्। हामी बिच माया प्रेम रहेको छैन। प्रतिवादीले मलाई विवाहको प्रलोभन देखाई वा अन्य कुनै पनि प्रकारले मलाई करणी गरेको छैन। वारदातको दिन प्रतिवादी मेरो कोठामा प्रवेश गरेका होइनन्। मैले घर गाउँमा घाँस दाउरा गर्ने, साईकल चलाउने, सिकाउने लगायतका कामहरु गर्ने गरेको थिएँ भन्ने समेत व्यहोराको पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५ (क)ले अदालतमा गरेको बकपत्र।

२६) **जाहेरवाला परिवर्तित नाम २०७८ गैडाकोट ५ (ख)ले अदालतमा गरेको बकपत्रः** यी प्रतिवादी पल शाह भन्ने पुर्ण बिक्रम शाह र पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५(क) बिचमा अनलाइन मिडियामा बिभिन्न किसिमका नकारात्मक समाचारहरु आएको अवस्थामा यी प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले गैडाकोट रिसोर्टमा पीडितलाई जवरस्ती करणी गरेको भनी जाहेरी दिन जस्मिन ओझा नाउँकी महिलाले मलाई उक्साएकी हुँदा निजको दवाव र बहकाउमा लागेर मैले निज प्रतिवादी उपर जवरजस्ती करणीको आरोपमा निज प्रतिवादी उपर झुठ्ठा जाहेरी दिएको हुँ।जाहेरी व्यहोरा साँचो थिएन। प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले मेरो छोरी परिवर्तित नाम २०७८ गडाकोट ५ (क) लाई करणी गरेको छैन भन्ने समेत व्यहोराको जाहेरवाला परिवर्तित नाम २०७८ गैडाकोट ५ (ख)ले अदालतमा गरेको बकपत्र।

२७) **घटना विवरण कागज गर्ने योगेश काजी भन्ने योगेश शाह, दुर्गेश भन्ने दुर्गा बहादुर थापाले अदालतसमक्ष गरेको एकै मिलान व्यहोराको बकपत्रः** पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५(क) लाई कसैले जवरजस्ती करणी गरेको हो भनी मौकामा मैले कुनैपनि कागज गरेको छैन। प्रहरीले प्रतिवादी भनिएका पल शाह भन्ने पूर्ण बिक्रम शाहको उपरमा करणी सम्बन्धी मुद्दा परेको छ। तपाईहरु पनि घटनाको समयमा यी प्रतिवादीसँगै रहेकाले सो सम्बन्धमा केही कुरा बुझ्नुछ भनी बोलाएको र अनलाईन मिडियामा समेत पीडित भनिएकी र यी प्रतिवादीका बिचमा केही नकारात्मक कुराहरु सुनेकोले प्रहरी कार्यालय गैडाकोटमा आएकोमा प्रहरीले एउटा कागज बेहोरा आफैं लेखी साक्षी बसिदिनु पर्‍यो भनी भनेको हुँदा उक्त कागजमा सहिछाप गरेको थिएँ। उक्त कागजमा के लेखिदिनु भएको थियो मलाई थाहा भएन। प्रतिवादीले परिवर्तित नाम २०७८ गैडाकोट ५(क) लाई कसैले करणी वा जबरजस्ती करणी गरेको भन्ने सम्बन्धमा मलाई थाहा भएन। मैले त्यस्तो सुनेको थिएन। मिति २०७८ असारमा

म बानेश्वर स्थित होटलमा पीडित र प्रतिवादीबिच म्युजिक भिडियोको बिषयमा रियर्सल हुँदै थियो। निजहरु बिच त्यहाँ कुनैपनि विषयमा छलफल भएको थिएन भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने योगेश काजी भन्ने योगेश शाह र दुर्गेश भन्ने दुर्गा बहादुर थापाले अदालतसमक्ष गरेको एकै मिलान व्यहोराको बकपत्र।

२८) **बस्तुस्थिति मुचुल्काका साक्षी अनन्त कँडेलले अदालतमा गरेको बकपत्रः** मलाई प्रहरीले पीडित र प्रतिवादीको सम्बन्धमा मिडियामा आएको कुरा सुन्नु भएको छ, छैन? यहाँ एउटा कागजमा साक्षी बसिदिन पर्यो भनी एउटा कागजमा सहिछाप गराएका थिए। उक्त कागजको बेहोरा के थियो मलाई थाहा भएन। घटनाको सम्बन्धमा मलाई थाहा भएन। प्रतिवादीले अभियोग दावी बमोजिम कसूर गरे जस्तो मलाई लाग्दैन भन्ने समेत बेहोराको बस्तुस्थिति मुचुल्काका साक्षी अनन्त कँडेलले अदालतमा गरेको बकपत्र।

२९) **घटना विवरण कागज गर्ने अर्जुन प्रसाद तिवारीले अदालतमा गरेको बकपत्रः** पीडित भनिएकीलाई रिसोर्ट साहुनीले आँफैले बोलाएर निजको छोरीसँग सुत्न भनी लगेकी थिइन्। रिसोर्टमा मादक पदार्थ सेवन गरे नगरेको मलाई थाहा भएन। पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५ (क) लाई कसले करणी वा जवरजस्ती करणी गरेको भन्ने सम्बन्धमा मलाई थाहा भएन। मैले त्यस्तो केही सुनेको छैन भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने अर्जुन प्रसाद तिवारीले अदालतमा गरेको बकपत्र।

३०) **घटना विवरण कागज गर्ने काजिश श्रेष्ठ भन्ने छत्र बहादुर श्रेष्ठले अदालतमा गरेको बकपत्रः** वारदातको दिन सुटिङ सकेपछि पीडित भनिएकीलाई रिसोर्टको साहुनीले आँफैले बोलाएर निजको छोरीसँग सुत्न भनी लगेकी थिइन्। रिसोर्टमा कसैले मादक पदार्थ सेवन गरेको थिएन। प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले पीडित भनिएकी परिवर्तित नाम २०७८ गैडाकोट ५(क) लाई करणी वा जबरजस्ती करणी नगरेको हुँदा निजलाई अभियोग दावी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने काजिश श्रेष्ठ भन्ने छत्र बहादुर श्रेष्ठले अदालतसमक्ष गरेको बकपत्र।

३१) **प्रतिवादीका साक्षी सागर लामिछाने र दमन न्यौपानेले अदालत समक्ष गरेको एकै मिलान बेहोराको बकपत्रः** प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाह राम्रो चरित्र भएको व्यक्ति हो। प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने आरोप सरासर झुठ्ठा हो। सुटिङको क्रममा हाम्रो युनिटमा ३०/३५ जना हुन्छन्। त्यहाँ नियम र अनुशासनको दायरामा बस्नु पर्ने हुन्छ। महिला र पुरुष कलाकारको छुट्टा छुट्टै कोठा एवं स्थान हुन्छ। प्रतिवादीले पीडित भनिएकीलाई जवरजस्ती करणी नगरेको हुँदा अभियोग दावी बमोजिम सजाय हुनु पर्ने होइन भन्ने समेत एकै मिलान व्यहोराको प्रतिवादीका साक्षीहरु सागर लामिछाने र दमन न्यौपानेले अदालत समक्ष गरेको बकपत्र।

३२) **घटना विवरण कागज गर्ने सामिया जि.सि.ले अदालतमा गरेको बकपत्रः** मिति २०७७ चैत्र ७,८

र ९ गते प्रतिवादी र पीडित हाम्रो गैडाकोट रिसोर्टमा बसेका थिए। पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५(क) मेरो घरमा मसँगै सुतेकी थिइन्। प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाह कति नंवरको कोठामा सुतेका थिए, थाहा भएन। निजहरु एउटै कोठामा बसेको मैले देखेकी थिइन। प्रतिवादीले परिवर्तित नाम २०७८ गैडाकोट ५ (क) लाई जवरजस्ती करणी गरेको मैले सुनेकी थिइन। प्रतिवादी पल शाह भन्ने पुर्ण बिक्रम शाहलाई सजाय हुनु पर्ने होइन भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने सामिया जि.सी.ले अदालतमा गरेको बकपत्र।

३३) **घटना विवरण कागज गर्ने भोजराज वस्तीले अदालतसमक्ष गरेको बकपत्रः** प्रतिवादी समेतका सुटिङको टिम मिति २०७८ साल चैत्रको ७, ८ र ९ गते सम्म गैडाकोट रिसोर्टमा बसेका थिए। पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५ (क) रिसोर्टमा साहुँको छोरी सामिया जि.सी. सँग सुतेकी थिइन्। प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाह लगायत अन्य सदस्यहरु कुन कुन कोठामा बसे सुते मलाई थाहा भएन। वारदातको दिन कसैले पनि मादक पदार्थ सेवन गरेको थिएन। प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाह निर्दोष छन् भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने भोजराज वस्तीले अदालतसमक्ष गरेको बकपत्र।

३४) **पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५ (क) को शारीरिक परिक्षण गर्ने चिकित्सकहरु डा. सरिता जोशी, डा. दिप्ती शर्मा र डा. राम प्रसाद सापकोटाले अदालतसमक्ष गरेको एकै मिलान व्यहोराको बकपत्रः** पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५ (क) को शारीरिक परिक्षण गर्ने क्रममा निजको योनीको कन्याजालीको 5 O'Clock र 7 O'Clock मा निको भईसकेको पुरानो दाग देखिएको थियो। सो बाहेक अन्य कुनै चोट, घाउँ देखिएको थिएन। योनीको कन्याजालीमा दाग देखिनुका धेरै कारणहरु हुन सक्दछन्। साइकल चलाउँदा, रुख चढ्दा, भलिबल, फुटबल खेल्दा, दौडदा, उफ्रदा, शारीरिक सम्पर्क गर्दा र हस्तमैथुन आदि गर्दा पनि कन्याजालीको 5 O'Clock र 7 O'Clock मा पुरानो दाग देखिन सक्छ भन्ने समेत एकै मिलान व्यहोराको पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५(क) को शारीरिक परिक्षण गर्ने चिकित्सकहरु डा. सरिता जोशी, डा. दिप्ती शर्मा र डा. राम प्रसाद सापकोटाले गरेको अदालतसमक्षको बकपत्र।

३५) **बस्तुस्थिति मुचुल्काका साक्षी सुर्य बहादुर खत्री र टेकनाथ भन्ने टंकनाथ घिमिरेले अदालतमा गरेको एकै मिलान व्यहोराको बकपत्रः** मौकाको कागजको व्यहोरा झुठ्ठा हो। प्रहरीले साक्षी बसिदिन पर्यो भनी भनेकोले साक्षी सम्म मात्र बसेको हुँ। घटनाको वास्तविकता सम्बन्धमा मलाई केही थाहा भएन। प्रतिवादीले अभियोग दावी बमोजिमको कसूर गरे जस्तो मलाई लाग्दैन भन्ने समेत एकै मिलान व्यहोराको बस्तुस्थिति मुचुल्काका साक्षी सुर्य बहादुर खत्री र टेकनाथ भन्ने टंकनाथ घिमिरेले क्षेत्रीले अदालतमा गरेको बकपत्र।

## ठहर खण्ड

३६) नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी इजलास समक्ष निर्णयार्थ पेश

हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री कमल पन्थी, विद्वान सहायक जिल्ला न्यायाधिवक्ताद्वय श्री डालबहादुर नेपाली र बुद्धबहादुर थापाले यी प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाह उपर किटानी जाहेरी परेको, पीडितले मौकामा निज प्रतिवादीले आफूलाई बिवाह गर्छु भनी सुटिङको क्रममा गैडाकोट रिसोर्टमा आफूलाई प्रलोभनमा पारी जवरजस्ती करणी गरेको हो भनी किटानीसाथ कागज गरिदिएको र पीडितको स्वास्थ्य जाँच प्रतिवेदनबाट समेत करणी भएको पुष्टि भएको हुँदा जाहेरवाला र पीडित अदालत समक्ष आएर कसूर भएको होईन भनी इन्कारी गर्दैमा त्यसबाट पीडित माथी प्रतिवादीबाट जबरजस्ती करणी भएको होइन भन्ने बस्तुनिष्ठ आधारहरु छैनन्। पीडित र प्रतिवादी बीचको संवादको अडियो क्लिप समेतबाट यी प्रतिवादी पलशाह भन्ने पूर्ण बिक्रम शाहले पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५ (क) लाई जबरजस्ती करणी गरेको भन्ने पुष्टि भैरहेको देखिँदा निज प्रतिवादीलाई अभियोग दावी बमोजिमको कसूर ठहर गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

३७)प्रतिवादीको तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ताद्वय श्री यदुनाथ खनाल र श्री कमलामोहन वाग्ले, विद्वान अधिवक्ताहरु श्री चेतनारायण भुषाल, श्री गणेश प्रसाद अधिकारी, श्री जनक राज ढुंगाना, श्री माधव घिमिरे र श्री टंकराज बस्यालले यी प्रतिवादी मौका तथा अदालतमा आरोपित कसूरमा इन्कार रहेका छन्। जाहेरवालाले अदालतसमक्ष यी प्रतिवादी पूर्ण बिक्रम शाहले मेरो छोरी परिवर्तित नाम २०७८ गैडाकोट ५(क) लाई करणी तथा जवरजस्ती गरेको होइन भनी जाहेरी व्यहोरा खण्डन हुने गरी अरुको उक्साहटमा परी जाहेरी दिएको भनी प्रतिवादीबाट आफ्नो नाबालिका छोरीमाथी कुनै कसुर अपराध नभएको भनी बकपत्र गरेको साथै उक्त वारदात घटनाको पीडित भनिएकी नाबालिका स्वयंले समेत अदालतसमक्ष आई प्रतिवादीले आफूलाई करणी गरेको होइन भनी मौकामा गरिएको भनिएको कागज व्यहोरालाई पूर्ण रुपले खण्डित हुने गरी बकपत्र गरिदिएको अवस्था छ। प्रतिवादीका साक्षी एवं वादी नेपाल सरकारका साक्षीहरु सबैले अदालत समक्ष गरेको बकपत्रबाट समेत वारदात भएको हो भन्ने शंकासम्मको अवस्था रहेको छैन्। एउटा स्थापित कलाकार जसलाई करणी जस्तो संगिन आरोपमा अभियोजन दायर गरिएको छ त्यसमा वादी पक्षबाट मौकाको किटानी जाहेरी बाहेक अन्य कुनै प्रमाण कागजातबाट घटना भएको भनेर स्थापित नै गर्न नसकेको अवस्था हुँदा यस्तो जघन्य फौजदारी कसूर अपराधमा शंकारहित तवरबाट दावी प्रमाणित गर्ने भार वादी स्वंयमको जिम्मेवारी हो तर वादीले अभियोग पत्रमा आरोप लगाई प्रतिवादीलाई जबरजस्ती करणीको कसूरमा दोषी देखाउने बाहेक आफ्नो दावीलाई बस्तुनिष्ठ तवँरले पुष्टि गर्न सकेको छैन। घटना भएको भनिएको मिति देखि किन यतिका पछि जाहेरी पर्यो, किन लगत्तै पीडितले आफूमाथी भएको भनिएको करणीको कसूरमा जाहेरी दिन नसकेको भन्ने स्पष्ट तर्क जाहेरीमा उठेको छैन्। अरु कसैको उक्साहटमा लागेर वारदात भएको

भनिएको धेरै समय पश्चात जाहेरी दिनुले after thought रहेको प्रष्ट हुन्छ। जाहेरी दिनु अगाडी सम्म यी पीडित र प्रतिवादीहरु पटक पटक सँगसँगै रहेर अभिनयको क्षेत्रमा काम गरेका छन् र आफ्नो कामको प्रचारप्रसार सँगसँगै गर्दै आएको अवस्था छ। त्यसअवस्थामा समेत पीडित भनिएको नाबालिकाले आफूहरुबीच कुनै नराम्रो सम्बन्ध नरहेको मिडियामा नचाहिँदो हल्ला चलाईएको भनी खण्डनसमेत गरेको हुँदा प्रतिवादीबाट जबरजस्ती करणीको घटना भएको कल्पनासमेत गर्न सकिने अवस्था छैन्। पीडित भनिएको व्यक्ति आँफै एउटा स्थापित बाल कलाकार भएको र निजले म माथी करणी नै भएको छैन् भनी आफ्नो भनाई स्पष्ट रुपमा राखेको अवस्थामा अब अदालतले त्यसलाई नै मुल प्रमाणको रुपमा लिई प्रतिवादी आरोपित करणीको कसूर अपराधमा पूर्ण निर्दोष रहेको भन्ने प्रमाणित भैरहेको हुँदा आरोपित कसूरबाट सफाई पाउनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो।

३८) वादी एवं प्रतिवादीको तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता, सहायक जिल्ला न्यायाधिवक्ताहरु, बरिष्ठ अधिवक्ताद्वय र अधिवक्ताहरुको बहस जीकिर सुनी मिसिलको सम्पूर्ण तथ्य र पेश गरिएका प्रमाण कागजातहरुको विश्लेषण गरी हेर्दा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहबाट अभियोग दावीबमोजिमको आरोपित कसूर भएको हो, होइन? निज प्रतिवादीलाई अभियोग मागबमोजिमको सजाय हुनुपर्ने हो, होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

३९) निर्णय तर्फ विचार गर्दा, प्रस्तुत मुद्दामा मेरी छोरी वर्ष १६ की परिवर्तित नाम २०७८ गैडाकोट ५(क) ले विगत ३ बर्ष देखि गायन क्षेत्रमा ख्याती कमाई आफ्नो कला प्रस्तुत गर्दै आईरहेकी थिईन। विगत ३ महिनादेखि छोरी एकोहोरो बस्ने गरेको देखी छोरीको सम्बन्धमा बुझ्दा नेपाली सिने जगतका प्रख्यात कलाकार पल शाह भन्ने पुर्णबिक्रम शाहसँग मिति २०७७/०६/२२ गते काठमाण्डौमा पिपलु वर गीतको भिडियो सुटिङ गर्ने क्रममा पहिलोपटक भेटघाट हुँदा फेसबुक आईडी र फोन नम्बर समेत आदान प्रदान भई निज प्रतिवादी पुर्णबिक्रम शाहले मेरो नावालिका छोरीलाई देखावटी रूपमा माया प्रेम गरेको बहाना बनाई भिडियो सुटिङ तथा अन्य भेटघाटको क्रमलाई बढाउदै लगेका र गीतहरुको भिडियो सुटिङको क्रममा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले मिति २०७७/१२/७ गते जिल्ला नवलपरासी (पूर्व) गैडाकोट नगरपालिका वडा नं. ५ स्थित गैडाकोट रिसोर्टमा एकदिने सुटीङ्गको लागी भनी लगेकोमा एक दिनमा नसकी भोलिपल्ट सुटीङ्ग गर्ने भनी मेरो नाबालिका छोरीलाई पाचँ दिनसम्म उक्त रिसोर्टमा राखी नाबालिका छोरी सुतेको कोठामा गई छोरीलाई मादक पदार्थ सेवन गराई पटकपटक जबरजस्ती करणी गरेको कुरा नाबालिका छोरी समेतबाट जानकारी भएको हुँदा मेरो नाबालिका छोरीलाई बिबाह गर्छु भनी प्रेमको नाटक गरी जबरजस्ती करणी गर्ने निज प्रतिवादी पूर्णबिक्रम शाहलाई कानून बमोजिम कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको पीडितको बुवा परिवर्तित नाम २०७८ गैडाकोट ५(ख) को जाहेरी

व्यहोराबाट मुद्दाको उठान भएको देखिन्छ।

४०)जाहेरी पश्चात भएको अनुसन्धानबाट प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) बमोजिमको कसूर गरेको भनी सोही संहिताको दफा २१९ को उपदफा (३) को देहाय (ग) बमोजिम निज प्रतिवादीलाई सजाय गरी सोही संहिताको दफा २१९ को उपदफा (३क) को देहाय (ख) बमोजिम जरीवाना समेत गरी यी प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहबाट पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५ (क) लाई मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ बमोजिम मनासिब क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भनी वादी नेपाल सरकारको तर्फबाट अभियोग दायर हुन आएको देखिन्छ।

४१)जाहेरी दरखास्त परेपछि गरिएको पीडितको शारीरिक परिक्षण प्रतिवेदनमा Hymen: Healed scratch with Hymeneal injury at 7 & 5 O'clock position भन्ने रहेको र निको भइसकेको पुरानो दाग त्यसमा रहेको भन्ने देखिन्छ। यस सम्बन्धमा पीडितको स्वास्थ्य जाँच परीक्षण गर्ने विशेषज्ञ चिकित्सकहरु डा. राम प्रसाद सापकोटा, डा. दिप्ती शर्मा र डा. सरिता जोशीलाई अदालतसमक्ष झिकाई निज बिशेषज्ञहरुले बकपत्र गर्दा योनीको कन्याजालीको 7 र 5 O'clock मा निको भइसकेको पुरानो दाग रहेकोमा त्यसरी दाग देखिनुका धेरै कारणहरु हुन्छन् जस्तो साइकल चलाउँदा, रुख चढ्दा भलिबल फुटबल खेल्दा, दौडदा उफ्रदा, शारीरिक सम्पर्क गर्दा हस्तमैथुन गर्दा भनी लेखाई दिएको देखिन्छ।

४२)मौकामा बुझिएका व्यक्ति सामिया जि.सी., सुलोचना कुँवर जि.सी., भोजराज वस्ती समेतले अदालतसमक्ष आई बकपत्र गर्दा पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५(क) लाई प्रतिवादी पुर्ण बिक्रम शाहले जवरजस्ती करणी गरेको भनी प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिएकोले उक्त घटनाको बारेमा थाहा भएको हो भनी भनी बकपत्र गरेको देखिन्छ भने निजहरुले मौकामा कागज गर्दा पनि आफूले घटना भएको भनिएको दिन केही थाहा नपाएको भनी मौकामा कागज गरिदिएको देखिन्छ।

४३)त्यस्तै, बस्तुस्थिति मुचुल्कामा सहिछाप गर्ने अनन्त कँडेल, सुर्य बहादुर खत्री क्षेत्री, टेकनाथ घिमिरे समेतले अदालतसमक्ष आई बकपत्र गर्दा प्रहरीमा जाहेरी परे पश्चात सामाजिक संजाल मार्फत घट्नाको बारेमा थाहा जानकारी पाएको भनी बकपत्र गरेको र मौकाको बस्तुस्थिति मुचुल्काको कागज गर्दा समेत आफूले घटना भएको कुरा पछि थाहा भएको हो सो समयमा थाहा थिएन भनी लेखाई दिएको देखिन्छ।

४४)प्रतिवादी पल शाह भन्ने पुर्ण बिक्रम शाहले अनुसन्धानको क्रममा र अदालतसमक्ष आफूले करणी गरेको कुरा होइन भनी अभियोग दावीमा इन्कार रही बयान गरेपनि उक्त मितिमा वारदात स्थल भनिएको होटलमा आफू रहेको र सुटिङको क्रममा थाकेको कारण थोरै मदिरा सेवन गरेको भनी बयान गरेको, साथै मिसिलमा पेश गरिएको प्रतिवादी समेतको वार्तालाप

रहेको अडियो क्लिपमा रहेको यौनजन्य कुराहरु समेत समेटएको विषयमा बोलिएको आवाज आफ्नो हो तर अरु नै प्रसँगमा उक्त कुराहरु गरेको हुँ भनी आफ्नो आवाज रहेको कुरा स्वीकार गरी बयान गरेको देखिन्छ।

४५)आफ्नी छोरी पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५(क) उपर प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले जवरजस्ती करणी गरेको भनी किटानी जाहेरी दिने पीडितका बाबु जाहेरवाला परिवर्तित नाम २०७८ गैडाकोट ५(ख) ले अदालतसमक्षको आई बकपत्र गर्दा प्रतिवादीले पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५(क) उपर जवरजस्ती करणी नगरेको, जस्मिन ओझा नामकी महिलाले उक्साएको कारण र सामाजिक संजालमा प्रतिवादी र पीडित बिच नकारात्मक कुराहरु आएकोले मात्र जाहेरी दिएको हो प्रतिवादीबाट जबरजस्ती करणीको घटना भएको होइन भनी आफ्नै शुरुको जाहेरी व्यहोरालाई खण्डित हुने गरी अदालतसमक्ष आई बकपत्र गरेको देखिन्छ।

४६)त्यस्तै, स्वयम् पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५(क) ले पनि मौकामा कागज गर्दा प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको भनी प्रतिवादीलाई नै स्पष्ट रुपमा किटान गरी कागज गरेपनि पछि अदालत समक्ष आई बकपत्र गर्दा शुरुमा गरेको कागजको व्यहोरा मेरो होइन, हामी बिच कुनै नराम्रो सम्बन्ध छैन। मेरो बारेमा नकारात्मक समाचार आएकोले बुवाले जाहेरी दिनु भएको हो भनी आफू उपर करणीको कुनै कसूर नभएको आफूले सानो उमेरबाट नै साईकल चलाउने समेत गर्ने गरेको भनी आफ्नै शुरुको कागज व्यहोरालाई खण्डित हुने गरी अदालतसमक्ष आई बकपत्र गरेको देखिन्छ।

४७)यसरी मिसिल संलग्न तथ्य एवं संकलित प्रमाणहरुलाई हेर्दा प्रस्तुत मुद्दामा प्रतिवादीको उमेर ३२ बर्ष रहेको र पीडितको उमेर वारदातको समयमा १६ बर्ष भन्दा कम नै रहेको हुँदा कानूनत: पीडितको सहमतीले नै शारिरीक सम्बन्ध कायम भएको अवस्थामा पनि जवरजस्ती करणी नै हुने हुँदा पीडित उपर प्रतिवादीबाट करणी लिनु दिनु भएको हो होइन? भन्ने प्रश्न नै मुख्य रुपमा रहेको छ। त्यसकारण पीडित र प्रतिवादी बीचमा शारीरिक सम्बन्ध स्थापित भएको हो होइन भन्ने बिषय नै यस मुद्दाको मुल बिषय हो।

४८)जवरजस्ती करणीको कसूर अपराध भनेको अन्य अपराध जस्तो अवस्था र बिषय नरहेर यो एउटा संवेदनशील अपराध हो। कुनै अपवादमा बाहेक जबरजस्ती करणीका घटनाहरुमा पीडित र पीडक बाहेक अन्य व्यक्तिहरुको त्यसमा प्रत्यक्ष संलग्नता रहेको हुँदैन त्यसैले सामान्य अवस्थामा करणीको कसूरका प्रत्यक्षदर्शी भनेका नै पीडक र पीडित नै हुन्। त्यसकारण जबरजस्ती करणीको कसूरको प्रत्यक्ष प्रमाण भनेको पीडित स्वयम् नै रहने र भौतिक सबुत प्रमाणको रुपमा निजको मौकाको स्वास्थ्य जाँच प्रतिवेदन नै मुख्य रुपमा रहने हुन्छ।

४९)हाम्रो न्याय प्रणाली र हाल हामीले गरिरहेको कानूनी अभ्यास अभियोजनात्मक न्याय

प्रणालीसँग नजिक रहेको हुँदा इजलासले मिसिल बाहिर गएर अनुमानको आधारमा प्रमाण नभएपनि यसो हुन सक्ला भनी अनुमानको भरमा निर्णय गर्ने होइन। फौजदारी न्यायका मूल्य र कानून एवं न्यायका मान्य सिद्धान्तमा रहेर नै निर्णयमा पुग्नुपर्ने हुन्छ। त्यसकारण अभियोजन पक्षले अभियोग दायर गरेपछि आफूले दायर गरेको अभियोगलाई शंकारहित तवरबाट पुष्टि गरेको हुनुपर्दछ। प्रतिवादीले अनुसन्धानको क्रमबाट नै कसूर गरेको कुरामा पूर्ण इन्कार रही बयान गरेको अवस्था छ। तर पीडितसँग कुराकानी भएको, मेसेज आदानप्रदान भएको र पेश भएको अडियो क्लिपमा भएको छलफल र त्यहाँ रहेको आवाज आफ्नो रहेको कुरा मात्र स्वीकार गरी अनुसन्धानको क्रममा बयान गरेको देखिन्छ भने अदालतसमक्षको बयानमा पूर्ण रुपमा इन्कारी रही बयान गरेको देखिन्छ।

५०)मिसिल संलग्न माथी उल्लेखित आधार र प्रमाणहरुबाट प्रतिवादीले करणीको कसूर गरेको भनी अनुमान गर्न मिल्ने अवस्था देखिँदैन। अदालतले सडकमा उठाईएको आवाज एवम् प्रदर्शन र मिडियामा भएको ट्रायललाई हेरेर निर्णयमा पुग्ने होइन। अदालतमा पेश भएको कुनै पनि विवादको निर्णयमा पुग्नको लागि मिसिलमा पेश भएका तथ्य र प्रमाण नै निर्णयको लागि आवश्यक हुन्छ। अझ फौजदारी विवादको हकमा प्रतिवादी माथी लगाइएको आरोप वादी पक्षबाट शंकारहित तवरबाट पुष्टि गरिएको हुनु पर्दछ।

५१)प्रतिवादीको इन्कारी बयानलाई जाहेरवाला एवं स्वयं पीडितको अदालत समक्षको बकपत्रबाट समेत पुष्टि भैरहेको अवस्थामा प्रतिवादी माथी लगाइएको अभियोग बाहेक वादी पक्षले शंकारहित तवरबाट करणीको वारदात स्थापित भएको हो भनी अन्य स्वतन्त्र र बस्तुनिष्ठ प्रमाणहरु अदालतसमक्ष पेश गर्न सकेको देखिँदैन।

५२)मिसिल संलग्न प्रतिवादीको मौका र अदालतको बयान, पीडित स्वयंले जाहेरी व्यहोरा खण्डित हुने गरी अदालतमा उपस्थित भई गरेको बकपत्र, जाहेरवालाको आफ्नै जाहेरी व्यहोरा खण्डित हुने गरी अदालतसमक्ष उपस्थित भई गरेको बकपत्र, घटनाविवरण कागज गर्ने व्यक्तिहरु र मौकामा कागज गर्ने अन्य व्यक्तिहरुले मौकामा गरेको कागज र अदालतसमक्ष समेत उपस्थति भई गरेको बकपत्र समेतबाट यी प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले जवरजस्ती करणी गरेको भनी भन्न नसकेको अवस्थामा मिसिल भन्दा बाहिर गई अनुमानको आधारमा करणी लिनु दिनु भएको भनी तथ्य र मिसिलमा आधारित नभई प्रतिवादी उपर कसूर ठहर गर्न मिल्ने देखिएन।

५३)पीडितको स्वास्थ्य जाँच परीक्षणबाट कन्याजाली च्यातिएको भनी उल्लेख भए पनि शारीरिक सम्पर्क वा करणीको कारणबाट नै कन्याजाली च्यातिएको हो भनी अनुमान गर्न समेत स्वयम् पीडितकै आफूले सानैबाट साईकल चलाउने र अरुलाई सिकाउने गरेको हुँ भनी अदालतसमक्ष आई गरेको बकपत्रबाट खण्डित हुन आएको हुँदा जबरजस्ती करणीको कसूर प्रतिवादीबाट भएको हो भन्ने अभियोगमा गरिएको दावी बाहेक अन्य बस्तुनिष्ठ प्रमाण कागजातबाट देखिन

नआएकोले प्रतिवादीबाट अभियोगमा दावी गरेजस्तो पीडित परिवर्तित नाम २०७८ गैडाकोट ५(क) उपर मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) बमोजिमको कसूर अपराध गरेको नदेखिँदा प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ।

५४)तर यी पीडित नाबालिका र जाहेरवालाले प्रतिवादीलाई फसाउने नियतबाट वनावटी वा सोची विचारी (After thought) जाहेरी दिएको र जाहेरीको सम्पूर्ण कुरा झुट्ठा हो भन्ने प्रतिवादीको जिकिरलाई हेर्दा यी पीडित नाबालिका आफूँ पनि गायन र म्यूजिक भिडियो लगायत अभिनयको क्षेत्रमा छुट्टै पहिचान बनाएकी उदाउँदो बाल प्रतिभा रहेकी र आफ्नो गायन एवम् अभिनयको क्षेत्रलाई नै प्रत्यक्ष असर पर्ने गरी कसैको प्रलोभनमा परी अरु कसैको कलाकारिता र अभिनयलाई नै मेट्ने उद्देश्यले मात्र जाहेरी दिएको भन्ने कुरा अनुमान गर्न मिल्ने देखिँदैन।

५५)जाहेरवालाले जाहेरी व्येहोरामा समेत सामाजिक संजाल लगायतमा नराम्रो कुराहरु सुनेकोले जाहेरी दिनु परेको भनी लेखाएका र पीडितले समेत अदालतसमक्ष आई बकपत्र गर्दा जाहेरवाला बाबुले सामाजिक संजाल लगायतमा मेरो र प्रतिवादी बीचमा नराम्रो कुराहरु सुनेको कारणबाट जाहेरी दिएको हुनसक्छ भनी लेखाएको समेतका तथ्यहरुबाट प्रतिवादी र पीडित बीचमा कलाकारिता र अभिनयको क्रममा मात्र भेटघाट भएको र त्यत्तिकैमा सम्बन्ध रोकिएको भन्ने देखिँदैन। यी प्रतिवादीले बालकलाकारको रुपमा पीडितलाई सामान्य रुपले लिई आफ्नो सम्बन्ध भेटघाट सामान्य बोलिचाली मात्रमा सीमित राखेको भन्ने कुरा मिसिलमा पेश हुन आएको अडियो क्लिप एवम् त्यसमा रहेको अश्लिल संवाद र प्रेमी प्रेमिका वीच हुने सम्बन्ध तथा कस्तो अवस्थामा विवाह गर्नु पर्ने हुन्छ भन्ने विषय समेत समेटिएको संवादबाट मान्न र अनुमान गर्न सकिने अवस्था देखिएन।

५६)उक्त अडियो क्लिपको संवाद र त्यसमा भएको स्वर आफ्नै रहेको कुरामा यी प्रतिवादीको पूर्ण स्वीकारोक्ती रहेको समेत देखिन्छ। यी प्रतिवादीलाई अनुसन्धानको क्रममा जबरजस्ती बयान कागजमा सहीछाप गर्न लगाईयो अथवा पढ्न लेख्न नै नजान्ने स्तरको प्रतिवादी भएकोले डरत्रासमा अनुसन्धानको क्रममा आफ्नो बयान नै नपढी सहिछाप गरेको भन्ने कुरा अनुमान गर्न मिलेन। त्यस्तै, प्रतिवादीले वारदातको समयमा आफू वारदातस्थलमा रहेको कुरा स्वीकार गर्नुका साथै उक्त समयमा सुटिङको क्रममा थाकेको कारण थोरै मदिरा सेवनसमेत गरेको कुरासमेत स्वीकार गरी अघिल्लो दिन यी पीडित एक्लै सुत्दा डर मानी होटल साहुनीको छोरीसँग सुत्न गएकोले आज पनि डर लाग्छ की भनेर सोध्दा डर लाग्दैन भनेकोले म मेरो कोठामा गई सुतेको हुँ भनी अनुसन्धाको क्रममा भनेको र यो वारदात घटना पछाडी पनि यी पीडित र प्रतिवादी बिचमा निरन्तर SMS आदान प्रदान र फोन सम्पर्कहरु समेत भएको हुँदै आएकोमा त्यसै क्रमको सिलसिलामा मध्य बानेश्वरमा पीडित र प्रतिवादीहरु बिचको संवाद

एवं छलफलको अडियो क्लिप बनाईएको समग्र अवस्थाले यी प्रतिवादी र पीडित प्रेमी प्रेमिका जस्तो सम्बन्धमा रहे बसेको देखिन्छ।

**५७)**यसरी एउटा युवापुस्तामा राम्रो अभिनयको क्षमता देखाई पर्दाको जीवनमा नायक रही फिल्मी क्षेत्र र गीत संगितको अभिनयको क्षेत्रमा स्थापित कलाकारले नाबालिकासँग कस्तो व्यवहार गर्नु पर्छ ? नाबालिक उमेरमा एउटा चर्चामा रहेको अभिनेता रहेको व्यक्तिसँग नजिक हुन र उसलाई चाहनु उसको गल्ती होईन। त्यसमा आफूं Stardum हुँ भन्ने एउटा बयस्क उमेर पुगेको व्यक्ति आफैले पूर्ण रुपमा सोच विचार गरेर पर्दाको दुनियाँमा मात्र नायकीपन होइन आफ्नो वास्तविक दुनियाँमा पनि नायकीपन कायम गर्न सक्नु पर्छ। कानूनले नाबालिक मानेको कुरालाई उसको चन्चलता र आनीबानीलाई हेरेर बयस्क उमेर हो भनी आफैले अनुमान गरी आफूँ प्रति कोही नजिक हुन र आफ्नो Public Figure को कारणले फ्यान बन्न खोज्यो भन्दैमा आफ्नो रिल लाईफको क्रेज (Popularity) लाई बास्तबिक जीवनमा गलत रुपले प्रयोग गर्न हुँदैन। यी प्रतिवादीबाट नाबालिका उपर अडियो संवादमा प्रयोग गरेका शब्द एवम् संवाद तथा अन्य SMS लगायतका कुराकानीका गतिविधिसमेतलाई हेर्दा एउटी नाबालिका उपर यी प्रतिवादीले अभिभावकीय रुपले आफ्नो जिम्मवारी र कर्तव्य पुरा नगरी एउटा प्रेमीको रुपमा आफूलाई प्रस्तुत गरी नाबालिका उपर व्यवहार गरेको देखिन्छ।

**५८)**मुलुकी अपराध संहिता, २०७४ को दफा २२५(२) मा **"कसैले करणीका आशयले बालबालिकालाई अस्वभाविक रुपमा एकान्तमा लगेमा, यौन सम्बन्धी निजको अंग छोएमा वा समातेमा, यौन सम्बन्धी आफ्नो अंग निजलाई छुन वा समाउन लगाएमा वा निजसँग अन्य कुनै किसिमको यौनजन्य अस्वाभाविक व्यवहार गरेमा बालयौन दुरुपयोग गरेको मानिनेछ"** भनी बालयौन दुरुपयोगका सम्बन्धमा कानूनी व्यवस्था रहेको र यी प्रतिवादीले पीडित नाबालिका उपर गरेको व्यवहार एवं अडियो क्लिपको संवादसमेतलाई हेर्दा मुलुकी अपराध संहिता, २०७४ को दफा २२५(२) मा उल्लेख भएको **"...अन्य कुनै किसिमको यौनजन्य अस्वभाविक व्यवहार"** पीडित नाबालिका उपर यी प्रतिवादीले गरेको देखिँदा यी प्रतिवादी पल शाह भन्ने पुर्ण बिक्रम शाहले मुलुकी अपराध संहिता, २०७४ को दफा २२५(१) विपरितको बालयौन दुरुपयोगको कसूर अपराध गरेको ठहर्छ। अब प्रतिवादीलाई बालयौन दुरुपयोगको कसूर अपराधमा के कति सजाय हुनुपर्ने हो भन्ने तर्फ विचार गर्दा कसूरको अवस्था र यी प्रतिवादीले आफूले गीत संगीत र फिल्मी क्षेत्रमा रहेर झन संवेदनशील बनेर बाल कलाकारहरुलाई संरक्षण गर्नुपर्नेमा आफै आफ्नो जिम्मेवारी र कर्तव्य भूलेर प्रेमीको रुपमा प्रस्तुत भई कसूर गरेको हुँदा निजलाई सोही संहिताको दफा २२५(३) बमोजिम २ (दुई) बर्ष ६ (छ) महिना कैद सजाय र पच्चीस हजार रुपैया जरिवाना हुने ठहर्छ।

**५९)**त्यस्तै, मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ मा दफा २२० र २२७ अन्तर्गतको कसूर बाहेक परिच्छेद १८ बमोजिमको अन्य कसूरबाट पीडित व्यक्तिलाई कसूरदारबाट

मनासिब क्षतिपूर्ति भराई दिनू पर्नेछ भन्ने कानूनी व्यवस्था रहेको र नाबालिका बाल कलाकार परिवर्तित नाम २०७८ गैडाकोट ५ (क) लाई घटना पश्चात बिशेषगरी जाहेरी दिए पछि पर्न गएको प्रत्यक्ष असर र मानसिक पीडा र सहज रुपमा आफूले समाजमा आफ्नो अभिनय र गायनको क्षेत्रमा कामकाज गर्न नपाएको समेतका समग्र पक्षलाई बिचार गर्दा मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ बमोजिम दशलाख रुपैया क्षतिपुर्ति प्रतिवादीबाट पीडितलाई भराई दिने समेत ठहर्छ। साथै, जाहेरवालाले उमेर नपुगेको आफ्नो नाबालक छोरीलाई गायन र अभिनय क्षेत्रमा आफ्नो अभिभावकीय जिम्मेवारी पुरा नगरी एक्लै छोडेको, आफूले पुरा गर्नुपर्ने अभिभावकीय कर्तव्यबाट च्युत रहेको, आफूखुशी गायन र अभिनयमा एक्लै जान दिएको कारणबाट एउटा प्रतिभावान बाल कलाकार माथी यौनदुर्व्यवहार सम्मको हिंसा पर्न गएको देखिँदा जाहेरवालालाई आगामी दिनहरुमा आफ्नो अभिभावकीय कर्तव्य वहन गर्न र नाबालक छोरीलाई आफ्नो पूर्ण संरक्षणमा राखी निजको शिक्षादिक्षा लगायतका काममा उचित ध्यान दिनसमेत यसै फैसलाबाट सचेत गराइन्छ।

६०)त्यसका साथै, बालबालिका उपरको कसूर अपराधलाई हल्का रुपमा लिई गोपनियता कायम गर्नुपर्ने कसूर अपराधमा समेत मिडिया ट्रायल गर्ने, आफ्नो न्यूजमा भ्यूज बढाउनको लागि बिषयबस्तुको संवेदनशीलतालाई वेवास्ता गरी समाचार सम्प्रेषण गरी आफूँ खुसी सत्य तथ्य भन्दा बाहिर गई समाचारहरु बनाउँदा र सम्प्रेषण गर्दा यसले समाजमा एउटा नकारात्मक सन्देश प्रवाह हुन गएकोले सम्पूर्ण मिडिया क्षेत्रलाई समेत विषयवस्तुको संवेदनशीलतालाई विचार गरेर मात्रै बास्तविक समाचार सम्प्रेषण गर्न र नागरिकको सूचनाको हकलाई सम्मान गर्न सचेत गराईन्छ। अरुमा तपसिल बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ बमोजिम फैसला गरिदिएको छ।

## तपसिल

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहलाई २(दुई) बर्ष ६ (छ) महिना कैद सजाय र रु. २५,०००।—(पच्चिस हजार रुपैयाँ) जरिवाना हुने ठहरी फैसला भएकोमा निज प्रतिवादी पक्राउ परी यस अदालतको मिति २०७८/१२/२३ को थुनछेक आदेशले हालसम्म थुनामा रहेको देखिंदा निज प्रतिवादीलाई लागेको कैद र जरिवानाको लगत कसी असुल उपर गर्नु भनी तहसिल शाखामा लगत दिनू-------------------------------------१

माथी इन्साफ खण्डमा लेखिएबमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा २२८ बमोजिम प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहवाट पीडित परिवर्तित नाम गैडाकोट ५ (क) लाई रु.१०,००,०००।-(दश लाख रुपैयाँ) क्षतिपुर्ति भराई दिने गरी फैसला भएकोले नियमानुसार पिडितलाई प्रतिवादीको रोक्का रहेको बैंक खाताबाटै क्षतिपुर्ति वापतको रकम भराइ दिनू---------२

अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४ बमोजिम प्रतिवादीबाट पीडित राहत कोषमा

जम्मा गर्नुपर्ने रु.१,०००।– (एक हजार रुपैयाँ) को लगत कसी असूल गरी असूल भएका अवस्थामा पीडित राहत कोषमा जम्मा गर्नू भनी तहशील शाखामा लगत दिनू------------------३

माथी ठहर खण्डमा लेखिए बमोजिम विषयवस्तुको संवेदनशीलतालाई विचार गरेर मात्रै बास्तविक समाचार सम्प्रेषण गर्न र नागरिकको सूचनाको हकलाई सम्मान गर्न सचेत गराउने गरी फैसला भएको हुँदा सोही बमोजिम प्रस्तुत फैसलाको जानकारी प्रेस काउन्सिल नेपाल, काठमाण्डौलाई दिनू---------------------------------------------------------------------------------४

माथी ठहर खण्डमा लेखिए बमोजिम जाहेरवालालाई आगामी दिनहरुमा आफ्नो अभिभावकीय कर्तव्य वहन गर्न र नाबालक छोरीलाई आफ्नो पुर्ण संरक्षणमा राखी निजको शिक्षादिक्षा लगायतका काममा उचित ध्यान दिनसमेत सचेत गराउने गरी फैसला भएको हुँदा सोही बमोजिम प्रस्तुत फैसलाको जानकारी जाहेरवालालाई दिनू---------------------------------------------५

प्रस्तुत इन्साफमा चित्त नबुझे प्रतिवादीलाई उच्च अदालत पोखरामा पुनरावेदन गर्न जानू भनी फैसलाको प्रतिलिपी सहित ७० दिने पुनरावेदन म्याद दिनू-------------------------------------६

प्रस्तुत इन्साफमा चित्त नबुझे ७० दिन भित्र श्री उच्च अदालत पोखरामा पुनरावेदन गर्नू भनी फैसलाको प्रतिलिपि साथै राखी फैसलाको जानकारी सहित जिल्ला सरकारी वकिल कार्यालय, नवलपरासी (ब.सु.पू.) लाई ७० दिने पुनरावेदन म्याद दिनू----------------------------------७

सरोकारवालाले फैसलाको प्रतिलिपि माग गरेका नियमानुसार लाग्ने दस्तुर लिई सारी सराई प्रतिलिपि दिनू--------------------------------------------------------------------------८

प्रस्तुत फैसला सफ्टवेयरमा अपलोड गरी सो वेहोरा मिसिलमा जनाई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू--------------------------९

**फैसला तयारीमा सहयोग गर्नेः**

क.अ. फिरोज मियाँ

मुद्दा फाँट-२ **जिल्ला न्यायाधीश**

**इति सम्वत् २०७९ साल भाद्र महिना २१ गते रोज ३ शुभम्.......................................।**

फैसला प्रमाणिकरण मितिः २०७९।०६।०६।५

**अदालतको छाप**